प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश नं.-२

## जनकपुरधाम, धनुषा, नेपाल

**निर्णयहरु**

प्र.म.प.बै.सं. २८।०७

सम्वत् २०७६ साल चैत २७ गते बिहिवारका दिन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. २, जनकपुरधाममा बसेको मन्त्रिपरिषद्को बैठकबाट भएका निर्णयहरुको मुख्य ब्यहोरा तथा उपस्थिति देहाय बमोजिम रहेको छ ।

उपस्थितिः-

| | |
|---|---|
| मुख्यमन्त्री | मा. लालवावु राउत |
| मन्त्री | मा. जितेन्द्र सोनल |
| मन्त्री | मा. विजय कुमार यादव |
| मन्त्री | मा. ज्ञानेन्द्र कुमार यादव |
| मन्त्री | मा. शैलैन्द्र साह |
| मन्त्री | मा. नवलकिसोर साह |
| मन्त्री | मा. रामनरेश राय |

प्रदेश सरकार (कार्यसम्पादन) नियमावली, २०७४ बमोजिम देहायको प्रस्तावमा देहायमा लेखिए बमोजिम गर्ने निर्णय भयो ।

१. नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालको यस प्रदेशमा खटिएका सुरक्षाकर्मीहरुलाई अत्यावश्यक स्वास्थ्य सुरक्षा सामाग्री उपलब्ध गराउने तथा विपद् व्यवस्थापन कोषमा रकम उपलब्ध गराउने विषयको आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्तावमा आवश्यक मार्गदर्शन तयारपारी सोहीबमोजिम कार्यान्वयन गर्नेगरी प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२. कारागारका कैदीबन्दीहरुमा कोभिड-१९ को संक्रमण जोखिम न्यूनिकरणका लागि कारागार कार्यालयलाई रु. २०/२० लाखको दरले बजेट रकम उपलब्ध गराउने विषयको आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्तावमा आवश्यक मार्गदर्शन तयारपारी सोहीबमोजिम कार्यान्वयन गर्नेगरी प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३. कोभिड-१९ रोकथाम, उपचार तथा नियन्त्रणको सामाचार संकलन, सम्प्रेषण तथा प्रसारणमा संलग्न सञ्चारकर्मीहरुको मृत्यु हुँदा मृतक परिवारलाई रकम उपलब्ध गराउने विषयको आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्तावमा प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

रामकृष्ण सुवेदी
प्रमुख सचिव

मितिः २०७६।१२।२७